
# चारकुने साथीहरू



यो सन्दर्भ सामग्री
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

लेखकहरू

अभिनाश सैनी

पुखराज वैष्णव

रमेशचन्द्र शर्मा

राजेशकुमार यादव

चित्राङ्कन

देवेन्द्र पाण्डे 'देवेन'

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

बिक्रीका लागि होइन ।

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७६

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन् ।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइसम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ। सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्यपुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ।


पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा रुम टु रिडले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो। प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ।

बिक्रीका लागि होइन

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ। अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ।

वि.सं. २०७६ | पाठ्यक्रम विकास केन्द्र


चार जना साथीहरू थिए– बाकस, सलाई बट्टा, रेडियो र चौपाई ।




एक दिन बिहान सबेरै रेडियोले घोषणा गर्‍यो, “टाङ्टुङ् टाङ्टुङ् ! आज चौपटमा नयाँ चारकुने खेल हुँदै छ ! चारकुने जति सबैलाई स्वागत छ । आउनोस्, खेलमा सामेल हुनुहोस्, भाग लिनुहोस् ! टाङ्टुङ् !”



सलाई बट्टा, रेडियो र चौपाई चौपटतर्फ लागे। बाकस पनि 'टिक्टाक् टिक्टाक्' गर्दै आवाज निकाल्दै तिनीहरूका पछि पछि लाग्यो। त्यस बेला रेडियो चाहिँ बर्बराउँदै थियो, "टाङ्टुङ् टाङ्टुङ्! चारकुने जति सबै सडकको बायाँपट्टि लाम लागेर बस्नुहोस्। तपाईंहरूले आफूतिर वेगले गुड्दै आइरहेका पाङ्ग्राचक्कालाई हेर्नुहोस्। टाङ्टुङ्!"



तिनीहरूले चौपटमा चारकुने खेल खेल्नका लागि राखिएका सोझा रेखाहरू देखे। तिनीहरूले पासा नाउँको छ मुखे गट्टा फ्याँकेर खेल सुरु गरे।




बाकस करायो, “मलाई त असाध्य गर्मी भयो । म त सारै थाकेँ !”




बिक्रीका लागि होइन ।

"अहो ! मलाई त आफू आगैमा होमिए जस्तो पो लागिरहेछ ।" सलाई बट्टाले भन्यो, "मलाई त चाँडै केही नखाई भएन ।"



चौपाईले पसिना पुछ्दै भन्यो, “मेरा लागि केही बरफ र बर्फी भए हुन्थ्यो ।”



बिक्रीका लागि होइन ।

"टाङ्टुङ् टाङ्टुङ् !
भोका होऊन् वा उकुसमुकुस
जेसुकै होस्, पर्वाह नगरी
ठन्डा बरफको मज्जा लिऔँ,
नढलौँ, लौ, उभिऔँ ठाडो
क्या मज्जाको ठन्डा सपना,
मिठो बरफको मजा लिऔँ !
टाङ्टुङ् !" रेडियो घन्कियो ।



चारै जना साथी खुसी भए– “प्रिय टाङ्टुङ्, प्यारो मित्र, क्या भव्य कुरा !


तिमी करायौ,
म कराएँ
बरफका निम्ति
सबै कराए !”



तिनीहरू बरफ पसलतर्फ दगुरे ।




पसलमा पुगेपछि तिनीहरू सबै चमकदार चारपाटे टेबलवरिपरि बसे ।



रेडियोले पसलको एक चक्कर लगाएर निरीक्षण गर्दै भन्यो "टाङ्टुङ् टाङ्टुङ् ! पसलको ढाँचा राम्रो छैन । यहाँ त ढोक्लाबाहेक कुनै कुरा पनि चारकुने छैनन् । टाङ्टुङ् !"


"के भनेको हँ मित्र रेडियो ?" चौपाईले डराएको जस्तो गरी सोध्यो ।



“छ्यास् छ्यास् !” सलाई बट्टाले एउटा काँटी बाल्यो, “म यस पसलमा आगो लगाइदिऊँ कि !”




बाकस भुनभुनायो, “यो त समस्यै हो, मलाई ढोक्ला मनै पर्दैन ।”




हल्लीखल्ली सुनेर कोन लड्डुले टन्न भरिएको किस्ती बोक्दै दगुरेर आइपुग्यो ।



"आहा ! कस्तो मिठो बास्ना !" आफ्ना आँखा झिमझिम गर्दै चौपाईले भन्यो ।



"वाह रे वाह ! कति विघ्न रङ्गी बिरङ्गी !" आफ्ना आँखा झिमझिम गर्दै सलाई बट्टाले भन्यो ।



"यसलाई कसरी खाने होला, यी त हेर डल्ला पो रहेछन् !" ठुलो बाकसले सोध्यो ।




बिक्रीका लागि होइन ।

“टाङ्टुङ् टाङ्टुङ् ! हो, यो त समस्यै भो। यो डल्लो त चारकुने पो हुनुपर्थ्यो।” रेडियोले घोषणा गऱ्यो। त्यसपछि तिनीहरू सँगै बसे र घोत्लिन थाले।




रेडियोले एक्कासि भन्यो– “टाङ्टुङ्, लौ आओ, हामी सबैले बल गरौँ !”



"बल गर साथीहरू !", चौपाई, सलाई बट्टा र बाकसले न्वारानदेखिको बल भिकेर चर्को आवाज निकाले ।



हेर्नोस्, लौ हेर्नोस् । तिनीहरू सबै लड्डुका चारैतिर झुम्मिए र तिनीहरूले भएभरको बल झिकेर चारैतिरबाट थिचे ।




तिनीहरूको बलका अगाडि डल्लो लड्डु त चेप्टिएर थेप्चिएर चारकुने भयो ।



खुसीको सीमा नरहने भइहाल्यो। लड्डुहरू सब चारकुने भए। चारै जना मित्रहरूले क्वाप्क्वाप् खाँदै यसो भन्न थाले–

मैदानमा अब,
एउटै छैन डल्लो !
टुक्र्याउँदै सब
खाइसिद्धियो।



बिक्रीका लागि होइन ।